# छ्याङ्दी हाइड्रोपावर लिमिटेड
# CHHYANGDI HYDROPOWER LIMITED

## छ्याङ्दी हाइड्रोपावर लि.को बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**गैहिधारा, काठमाण्डौ ।**

यस छ्याङदी हाइड्रोपावर लि.को मिति २०८२/०८/२४ गते अपरान्ह ३:०० बजे बसेको संचालक समितिको १२० औं बैठकको निर्णयानुसार यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**१. साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८२ साल पौष २९ गते, मंगलवार तदनुसार (January 13, 2026)

स्थान : आम्रपाली ब्याङक्वेट वालुवाटार, काठमाण्डौं ।

समय : बिहान १०:०० बजे ।

**२. सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरुः**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि स्वीकृत गर्ने बारे,

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को बार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ को वासलात, तथा सोही मितिहरुमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, शेयर पूंजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरि स्वीकृत गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम यस कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक वित्तीय विवरण लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४) संचालकहरुको नियुक्ति अनुमोदन बारे ।

**ख) विशेष प्रस्तावहरुः**

१) कम्पनीले आ.व. २०८१/०८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको खर्चलाई अनुमोदन गर्ने बारे,

२) प्रबन्ध पत्र तथा नियमावलीमा दफा नियम थप, संशोधन लगातयतका विषयहरु नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्न,

**ग) विविधः**

**३. साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) बाह्रौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/२० गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१९ गते सम्म कारोवार भई सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमइ क्यापिटल लि.को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने छन् ।

२) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ०९:०० बजे देखि सभा संचालन रहेसम्म खुल्ला गरिनेछ ।

३) बार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागजात तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरि एको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

४) सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि वित्तीय विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी जानकारीको लागि कम्पनीको Website: https://www.chpl.com.np मा हेर्न सक्नु हुनेछ ।

५) साधारण सभमा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०९/२७ गते बिहान ०९:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय गैह्रिधारा, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।

६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अधि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय गैह्रिधारा, काठमाण्डौमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानी पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन् ।

८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नाममा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

९) साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारी प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

१०) साधारण सभा सम्वन्धि अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको शेयर रजिष्टार ग्लोबल आइएमई क्यापिटल लि. वा यस कम्पनीको केन्द्रिय कार्यालय, गैह्रिधारा, काठमाण्डौंमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**